जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

जनकपुर टुडे

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १७७ • २०८३ साल मंसिर १४ गते सोमबार (30 November, Monday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

कांग्रेसका बांकी जिल्ला र प्रदेश निर्वाचनको मिति तय

टुडे समाचारदाता

काठमाण्डू। नेपाली कांग्रेसले सम्पन्न हुन बाँकी रहेका जिल्ला तथा सातै प्रदेश तहका अधिवेशनको मिति र समय निर्धारण गरेको छ।

पार्टीको केन्द्रीय कार्यसमिति बैठकले बाँकी रहेका जिल्ला र प्रदेश महाधिवेशन सम्पन्न गर्न समयावधि तोकेका हुन। केन्द्रीय कार्यसमितिले गरेको निर्णयका आधारमा निर्वाचन समितिले सूचना जारी गरिने जनाइएको छ।

केन्द्रीय कार्यसमितिले निर्धारण गरेको समयअनुसार हिमाली-पहाडी क्षेत्रका बाँकी जिल्ला तहको अधिवेशन आगामी मंसिर २६ र २७ गते गरिनेछ। त्यस्तै, बाँकी सबै क्षेत्रका जिल्ला तहको अधिवेशन पुस ४ र ५ गतेका लागि तोकिएको छ।

यसैगरी सातै प्रदेशको अधिवेशन आगामी पुस १० गतेदेखि १८ गतेसम्म सम्पन्न गर्ने समय निर्धारण गरिएको छ। नेपाली कांग्रेसको १५औँ केन्द्रीय महाधिवेशन गत असोज १८ देखि २३ गतेसम्म काठमाडौँमा सम्पन्न भइसकेको छ।

सांस्कृतिक विकास सम्बन्धी काम उपमहानगरलाई हस्तान्तरण

बृहत्तर क्षेत्र विकास परिषदको भूमिका गौण, स्थानीय सरकारलाई जिम्मेवारी

टुडे समाचारदाता

जनकपुरधाम। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले बृहत्तर जनकपुर क्षेत्रको पूर्वाधार तथा सांस्कृतिक केन्द्र विकास सम्बन्धी कार्यक्रम जनकपुरधाम उपहानगरपालिकालाई हस्तान्तरण गरेको छ।

विकास सम्बन्धी कार्यक्रम हस्तान्तरण तथा कार्यान्वयन सम्बन्धी कार्यविधि बनाउँदै मन्त्रालयले सो कार्यक्रम तल्लो सरकारमा हस्तान्तरण गरेको हो। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जनाए अनुसार चालु आर्थिक वर्षको बजेटमा यस सम्बन्धी व्यवस्था गरिएको छ।

जनकपुरधाम क्षेत्रको धार्मिक, सांस्कृति, ऐतिहासिक तथा पुरातात्विक सम्पदा संरक्षण र प्रवर्द्धन गर्ने, सांस्कृतिक तथा धार्मिक पर्यटन सम्बन्धी पूर्वाधार विकासमा सहयोग पुऱ्याउने, मैथिली भाषा, साहित्य, कला, लोकसंस्कृति, जात्रा तथा पर्व संरक्षण गर्ने उद्देश्य राखिएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटमा विनियोजन भएको रकम समेत उपमहानगरलाई हस्तान्तरण गरिने छ।

यसरी हस्तान्तरण गरिएको रकम धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदा संरक्षण तथा प्रवर्द्धनमा खर्च गर्नुपर्ने कार्यविधिमा बाध्यात्मक व्यवस्था गरिएको छ। मन्त्रालयले



सांस्कृतिक, पर्यटन, पर्यटक सूचना, प्रचार-प्रसार तथा सूचना सामग्री प्रकाशन, स्वीकृत योजना बमोजिम सांस्कृतिक तथा पर्यटन सूचना केन्द्र निर्माण तथा सञ्चालन, भक्तजन तथा पर्यटकको सुविधाका लागि सुविधा सम्पन्न शौचालय, विश्रामस्थल तथा स्वच्छ खानेपानी लगायत पूर्वाधार कार्यक्रममा खर्च गर्नुपर्ने कार्यविधिमा उल्लेख गरेको छ।

उपमहानगरले बजेट खर्च गर्दा जुन कार्यक्रम र उद्देश्यका लागि अनुदान रकम उपलब्ध गराइएको हो, सोही कार्यक्रम र उद्देश्यमा मात्र प्रयोग गर्नुपर्ने र अन्यत्र रकमान्तर वा स्रोतान्तरण गर्न नपाइने कार्यविधिमा उल्लेख छ।

कार्यबिधिले रकमलाई तलबभत्ता, परामर्श सेवा, सवारीसाधन खरिद वा कार्य सञ्चालन जस्ता प्रशासनिक र चालु खर्च गर्न नपाइने किटान गरेकोछ। उपमहानगरले कार्यक्रम सम्पन्न भएको तीन महिनाभित्र कार्यक्रम प्रगति तथा खर्च विवरण सहित प्रतिवेदन मन्त्रालयमा बुझाउनुपर्ने व्यवस्था गरिएकोछ।

मन्त्रालयले बृहत्तर जनकपुर क्षेत्र विकास परिषदलाई सकृय बनाउन अध्यक्ष, सदस्य लगायत कार्यकारी निर्देशक र लेखा अधिकृत समेत नियुक्त गरिसकेको छ।तर परिषदले गर्ने सम्पूर्ण कार्य जनकपुरधा उपमहानगरपालिकालाई हस्तांतरण गरेको छ।

परिषदले पूर्णता पाएपनि अब गर्ने काम नै छैन्। जनकपुरधाम उपमहानगरपालिकालाई सरकारले हस्तांतरण गरेको कार्यहरु नै बृहत्तर जनकपुर क्षेत्र विकास परिषदले गर्दै आएको थियो।हुनत विगत कयौं वर्षदेखि बृहत्तरको कार्यहरु अत्यन्त विवादाष्पद बनेको थियो।आर्थिक अनियमितता नै बृहत्तरका पदाधिकारीहरुको लक्ष्य रहेको देखिन्थ्यो।तर वर्तमान सरकारले अनुभवी र पूर्व प्रशासक कौशलकिसोर झालाई नियुक्त गरेर बृहत्तरको कार्यलाई अगाडी बढाउने देखिन्थ्यो।तर कार्यक्रम नै उपमहानगरपालिकालाई जिम्मा दिएपछि बृहत्तरको भूमिका गौण बनेको छ।

जनकपुरधामलाई दिएको जिम्मेवारीमा जानकी मन्दिर लगायतका धार्मिक, सांस्कृतिक, ऐतिहासिक मठमन्दिर, पोखरी तलाउ लगायतका सम्पदाहरुको संरक्षण र विकास गर्ने उल्लेख छ।

यस अघि यी कार्यहरु बृहत्तर जनकपुर क्षेत्र विकास परिषदलाई तोकिएको थियो।बृहत्तरले धार्मिक सम्पदाहरुको खोजी, संरक्षण लगायतका कार्यहरु भने गर्न सकेको थिएन्।

हुनत जनकपुरधाम उपमहानगरपालिकाले आफ्नो नियमित कार्यहरु गर्न सिमित साधन र स्रोतले कठिनाई महसुस गरिरहेको बेला थप जिम्मेवारी निर्वाह गर्न सहज नहुने बताउनेहरुपनि छन्।उपमहानगरपालिकाले गर्ने नियमित कार्य अन्तरगतकै जिम्मेवारी रहेकोले समस्या नआउने कर्मचारीहरुको कथन छ।

अहिलेपनि मेयर मनोज कुमार साह जनकपुरधामको तर्फबाट अयोध्याबाट आउने जन्तीलाई निम्तो दिन भारतको अयोध्याधाम पुगेका छन्।जनकपुरधाममा आयोजना हुने रामजानकी बिबाहमहोत्सव लगायतका पर्व त्यौहारहरुमा सफाई, पिउने पानी, शौचालय लगायतको कार्यगर्दै आएकोले थप कार्यहरु गर्न कुनै समस्या नहुने मेयर साहको कथन छ।

तर स्थानीय तहको चुनाव हुन पाँच महिना मात्र बाँकी रहेकोले पालिकाबाट कार्य हुन कठिन हुन सक्ने केहि प्राबिधिकहरुको कथन छ।सरकारले कार्यबिधि बनाईदिएर कार्यक्षेत्र समेत तोकिदिएकोले कार्य गर्न समस्या नआउनेमा उपमहानगरपालिकाका कर्मचारीहरु ढुक्क छन्।

जनकपुरधाम उपमहानगरपालिकाले जिम्मेवारी लिइसकेपछि बृहत्तरको भूमिका गौण भएको छ।बृहत्तरले गर्ने सबै कार्य र अधिकार उपमहानगरपालिकाले पाएको छ।

हुनत बृहत्तर जनकपुर क्षेत्र विकास परिषदका कर्मचारीहरुले झण्डै तीन वर्षदेखि तलब, सुबिधा पाएका छैनन्।सरकारले बृहत्तरका लागि आर्थिक नियमावली लगायतका व्यवस्था गरिदिएको बताइएको छ।

कडा सुरक्षाबीच रेल सञ्चालन, यात्रु अभावले चुनौती

पहिलो दिन साढे पाँच सय यात्रु मात्रै





टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम र भारतको अयोध्यालाई जोड्ने सरयू-कमला एक्सप्रेस रेलसेवा कडा सुरक्षा निगरानीबीच शनिवारदेखि नियमित सञ्चालनमा आएको छ। रेल सञ्चालनको पहिलो दिन भारततर्फ सीमावर्ती जयनगरमा यात्रु तथा सामानको कडा सुरक्षा चेकजाँच गरिएको छ।

रेल जनकपुरधामबाट जयनगर पुगेपछि भारतीय सुरक्षा निकायले झण्डै एक घण्टा लगाएर सघन जाँच गरेका थिए। जयनगरस्थित रेलमा भन्सार (कस्टम) अधिकारीको नेतृत्वमा मेटल डिटेक्टर प्रयोग गरी जाँच गरिएको थियो।

त्यसक्रममा भारतीय सशस्त्र सीमा बल (एसएसबी), रेल सुरक्षा बल (आरपीएफ), सरकारी रेल्वे प्रहरी (जीआरपी) तथा अन्य सुरक्षा एजेन्सीका सुरक्षाकर्मी परिचालन भएका थिए। डग स्क्वाड टोलीले समेत रेलका प्रत्येक डिब्बामा पुगेर यात्रु तथा शंकास्पद सामानको कडा रुपमा चेकजाँच गरेका थिए।

भन्सार अधिकारीसहितको टोलीले जाँच प्रक्रिया पूरा गरेपछि मात्रै रेललाई अयोध्याका लागि प्रस्थान अनुमति दिइएको थियो । भारतीय भन्सार सुपरिटेन्डेन्ट भवेश कुमारका अनुसार रेलको सुरक्षा जाँचका लागि चार जना सुपरिटेन्डेन्ट, पाँच जना इन्स्पेक्टर र १५ जना हवल्दार परिचालन गरिएको थियो । उनीहरूलाई मेटल डिटेक्टर र सम्बन्धित सुरक्षा एजेन्सीको डग स्क्वाडले सघाएको थियो। यो चेकजाँचलाई आगामी दिनमा पनि निरन्तरता दिइने उनको भनाई छ।

यसक्रममा डग स्क्वाडको कुकुरले एक महिला यात्रुलाई टोकेको घटना बाहिरिएको छ। उनलाई तत्काल प्राथमिक उपचार गराइएको थियो। यसले रेलको सुरक्षा जाँचसँगै यात्रुको सुरक्षा र जाँच प्रक्रियालाई यात्रुमैत्री बनाउने विषयसमेत महत्वपूर्ण रहेको देखाएको छ।

रेलको सुरक्षा व्यवस्थापनमा नेपाल र भारतले आ-आफ्नो भूमिमा आफ्नै देशका सुरक्षाकर्मी परिचालन गर्ने सहमति रहेको छ। नेपाल रेल्वे कम्पनीका प्रबन्ध सञ्चालक परिवेश पराजुलीका अनुसार नेपाली भूभागमा सशस्त्र प्रहरीले सुरक्षा दिनेछ भने भारतीय भूमिमा भारतीय सुरक्षा निकायले जिम्मेवारी सम्हाल्नेछन् । जयनगरदेखि अयोध्यासम्म भारतीय आरपीएफ र जीआरपीसहितका सुरक्षा निकायले रेलको सुरक्षा गर्ने व्यवस्था छ।

भंगहा-जनकपुर-जयनगर रेलसेवाको सुरक्षामा पनि सशस्त्र प्रहरी नै खटिँदै आएको छ । जयनगरभन्दा यता इनर्वासम्म भू-भाग भारतको भए पनि उक्त दूरीमा नेपाली सुरक्षाकर्मी सशस्त्र प्रहरीले नै सुरक्षा दिँदै आएको छ । यद्यपि, त्यस क्षेत्रमा सशस्त्र प्रहरीले हातहतियारसहित प्रवेश गर्न पाउँदैन।

यता यात्रु संख्याको दृष्टिले भने रेलसेवाको नियमितता मुख्य चुनौती बन्न सक्ने देखिएको छ। एक हजार १५८ सीट क्षमता भएको रेलमा पहिलो दिनमा साढे पाँच सय यात्रुले यात्रा गरेका छन् । यी यात्रु मध्ये जनकपुरधामबाट ३१२ यात्रु मात्र रहेको जनाइएको छ । जनकपुरधामबाट यात्रा गर्ने मध्ये अधिकांश विवाह पञ्चमी महोत्सवका लागि निम्तो दिन गएका टोलीकै व्यक्तिहरु रहेका छन्।

टिकट काउन्टर मात्रै टिकट काट्ने व्यवस्था रहेकाले यात्रु संख्यामा कमी देखिएको नेपाल रेलवेको भनाई छ । नेपाल रेल्वे कम्पनीका प्रबन्ध सञ्चालक पराजुलीले टिकट काउन्टरबाट मात्रै टिकट काटने व्यवस्था रहेकाले पनि यात्रु संख्यामा कमी देखिएको बताए । उनका अनुसार केही हप्ताभित्रै जनकपुरधामबाट अनलाइन टिकट काट्ने व्यवस्था मिलाउने तयारी भइरहेको छ।

यात्रु संख्याको कमीले नियमित सञ्चालनको आर्थिक आधारबारे प्रश्नसमेत उठाएको छ। यात्रु अपुग भएको अवस्थामा रेल सञ्चालन खर्च पुग्न नसकेपछि निरन्तरता ठूलो चुनौती बन्न सक्ने देखिन्छ। अर्कोतर्फ जनकपुरधामको मँहगाईले पनि पर्यटक टिकाउन मुश्किलै देखिन्छ । होटल व्यवसायीहरुले प्याकेज व्यवस्था र धर्मशालाहरु थप निर्माणको माग शुरुदेखि नै गरिँदै आएको छ।

जनकपुरधाम-अयोध्या रेलसेवा करिब ६०४ किलोमिटर दूरीमा सञ्चालन हुन्छ । नेपालतर्फ करिब २७ किलोमिटर र बाँकी भारतीय भूभागमा रेल गुड्छ। सातामा एकपटक शनिबार जनकपुरधामबाट अयोध्याका लागि प्रस्थान गर्ने र सोमबार अयोध्याबाट फर्किने समयतालिका निर्धारण गरिएको छ।

रेलसेवाले दुई धार्मिक सहरबीचको आवागमन सहज बनाउनुका साथै विवाह पञ्चमीजस्ता धार्मिक उत्सवमा भारतीय श्रद्धालुको आगमन बढाउने अपेक्षा गरिएको छ। तर, धार्मिक अवसरमा हुने अस्थायी भीडलाई नियमित यात्रु आवागमनमा बदल्नु चुनौतीपूर्ण छ।

अयोध्याबाट आउने पर्यटकलाई जनकपुरधाममा केही समय रोक्ने, धार्मिक स्थलसँगै मिथिला संस्कृति, कला, खानपान र मधेशका अन्य पर्यटकीय गन्तव्यसँग जोड्ने प्याकेज विकास गर्नुपर्ने पर्यटन व्यवसायीको सुझाव छ। त्यसका लागि सरसफाइ, यातायात, होटल सेवा र पर्यटकीय पूर्वाधारमा सुधार आवश्यक छ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

सम्पति छानबिन हुनुपर्छ

नेपाली कांग्रेसले २०४६ सालपछि सार्वजनिक पद धारण गरेका सबैको सम्पत्ति छानबिन हुनुपर्ने माग गरेका छन् । काग्रेस पार्टीको हामी तयार छौं अभियान अन्तरगत आयोजित एउटा कार्यक्रममा उनले सबैको सम्पत्ति छानबिन गर्न सरकारलाई आग्रह गरेका छन् । २०४६ सालदेखि २०८३ साल सम्मकै सम्पत्ति छानबिन गर्न उनले माग गरेका छन् । नेपाली कांग्रेसले त्यस अवधीमा सर्वाधिक समय सरकारमा रहेको थियो । हुनत त्यस क्रममा एमाले, राप्रपा लगायत कयौं दल सरकारमा गएका थिए । अनेकौ व्यक्तिहरुले सार्वजनिक पद धारण गरेका थिए । उनीहरुको सम्पत्ति छानबिन गर्न थापाले सरकारलाई आग्रह गरेका छन् । सरकार र अन्य विभिन्न निकायका व्यक्तिहरुले उनीहरुको सम्पत्ति छानबिन गर्नुपर्ने माग उठिरहेको बेला कांग्रेस सभापति थापाले छानबिन गर्न आग्रह गरेका हुन् । देशमा विगतमा मात्र भ्रष्टाचार भयो भने होइन् । अहिलेपनि भ्रष्टाचार भइरहेको छ । भ्रष्टाचार नियन्त्रण गर्ने निकायमा रहेकाहरुपनि भ्रष्टाचार मुद्दाको आरोप खेपिरहेका छन् । उनीहरुको पनि सम्पत्ति छानबिन हुनुपर्छ । सार्वजनिक पद धारण गरेका सबैको सम्पत्ति छानबिन गर्न सरकारले एक समिति बनाएको थियो । त्यो समितिले सार्वजनिक पदमा बहाल रहेका सबैलाई सम्पत्ति विवरण बुझाउन सार्वजनिक सूचना प्रकाशन गरेको थियो । त्यसले न्यायाधिश, संबैधानिक निकायका पदाधिकारीहरुलाई समेत छानविनको दायरामा राखेपछि विवाद भएको थियो । पछि त्यो समिति स्वतःनिस्कृय भएको थियो ।सरकारले आवश्यक गृहकार्य नगरि बनाएको समिति नै अन्योलमा परेको र त्यसले काम समेत गर्न सकेन् ।देशलाई भ्रष्टाचार मुक्त बनाउने प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) को प्रतिबद्धतालाई सफल बनाउन सरकारी संयन्त्र इमान्दारीपूर्वक लाग्नुपर्छ । सरकारी संयन्त्रले स्वतन्त्र र निष्पक्ष रुपमा काम गर्ने वातावरण बन्न सके सम्पत्ति छानविनको धेरै कार्य सहज रुपमपा अगाडी बढन सक्छ । कांग्रेसको मागले सरकारलाई सहयोग पुग्न सक्छ । तर त्यसको सबै प्रकृया पुरा सरकारले नै गर्नुपर्छ ।बाहिरबाट झट्ट हेर्दा सबैले भ्रष्टाचार नै गरेको जस्तो लाग्छ ।तर यथार्थमा त्यसो नहुन सक्छ ।देशमा सबै भ्रष्टाचार गर्ने नै हुन् भने पक्कै छैन् । देशमा थोरै मानिस मात्र भ्रष्टाचारमा संलग्न रहेको हुनुपर्छ ।सबै भ्रष्टाचारमा नै संलग्न भएको भए देशको अवस्था आजको जस्तो रहने थिएन् । २०४६ सालपछि देशमा विकास निर्माणको कार्यहरुपनि धेरै भएका छन् । अनेक समस्याहरु आउँदापनि देशले त्यसको सामना गरेको छ ।विकासले २०४६ सालपछि गति लिएको छ । त्यसकारण हल्ला अथवा निराधार आरोपको भरमा कसैलाई आरोपित राज्यले बनाउन हुँदैन् । देशमा धेरै मुद्दा राजनीतिक पूर्वाग्रहलेपनि चलाइएको छ ।कतिपय मुद्दा व्यक्तिगत इर्ष्यादूषलेपनि चलाइएको छ । त्यसकारण सरकारले सबै पक्षलाई दृष्टिगत गरी स्वतन्त्र र निष्पक्ष भएर छानबिन गर्नु उचित नै हुनेछ ।

एआई पूर्वाधार विकासको होड र मानव जीवनको अस्तित्व !



मौसम शाक्य

कुनै एआई एल्गोरिदमले चिया वा मदिराको स्वादका बारेमा विस्तृत विवरण पढ्न सक्छ । त्यसको बास्ना, कडापन, न्यानोपन र बनावटको सूची बनाउन सक्छ

प्रविधि जगत्मा आज कर्पोरेट दिग्गजहरू विशाल डेटा सेन्टरहरू निर्माण गर्न, विशेष कम्प्युटिङ हार्डवेयर खरिद गर्न र स्वायत्त एआई (ब्क्ष) एजेन्टहरू तैनाथ गर्न खर्बौं डलर खर्च गरिरहेका छन् । पुँजीगत खर्चको यो लहरलाई प्रायः एउटा रोक्न नसकिने ऐतिहासिक बहावका रूपमा चित्रण गरिन्छ जसले चाँडै नै मानवीय बुझाइलाई विस्थापित गर्नेछ र केही सीमित शक्तिशाली संस्थाहरूको हातमा अभूतपूर्व नियन्त्रण सुम्पिनेछ ।

मानिसहरूमा यस्तो चिन्ता र अस्पष्टता बढ्नु स्वाभाविकै हो । प्रणालीहरू थप जटिल बन्दै जाआदा र कार्यस्थल, सञ्चारमाध्यम तथा दैनिक जीवनमा स्वचालित निर्णय प्रक्रियाहरू फैलिँदा आफ्नो नियन्त्रण र स्वायत्तता गुम्ने डर हुनु स्वाभाविक मानवीय प्रतिक्रिया हो । तर, अर्थशास्त्र र मानव जीवविज्ञान दुवैलाई नजिकबाट नियाल्दा अझ व्यावहारिक र स्पष्ट चित्र अगाडि आउँछ । दुईवटा बलिया यथार्थहरूले प्रविधिको पूर्ण नियन्त्रणको धारणालाई चुनौती दिन्छन् – मानवीय मागको सीमित वित्तीय तथा ध्यानाकर्षणको सीमा र मानव अस्तित्वको अपूरणीय संवेदी यथार्थ ।

आर्थिक विरोधाभास - विशाल पुँजीविरुद्ध सीमित माग

एआई पूर्वाधारप्रतिको हालको उत्साहले कम्प्युट, ग्राहक सदस्यता (क्गदकअचष्उतष्यलक) र स्वचालित कार्यप्रवाहको माग अनन्त रूपमा विस्तार हुन सक्छ भन्ने मान्यता राख्छ । तर व्यावहारिक रूपमा प्रत्येक आर्थिक पारिस्थितिकी प्रणाली (भ्अयकथकतभ्क) का आफ्नै सीमा हुन्छन् चाहे त्यो घरायसी बजेट होस्, कर्पोरेट लगानीको प्रतिफल (च्इक्ष) होस् वा मानव जीवनका सीमित दिन वा घनटाहरू नै किन नहोऊन् ।

उपभोक्ता बजेट र सदस्यताको बोझ

व्यक्तिहरूसँग न त असीमित खर्चयोग्य आम्दानी हुन्छ न बारम्बार तिरिरहनुपर्ने एआई शुल्कहरूप्रति असीमित धैर्य नै । जब एउटा परिवारले पहिले नै मोबाइल डेटा, स्ट्रिमिङ मनोरञ्जन, क्लाउड स्टोरेज, उत्पादकत्व बढाउने एपहरू र बैंकिङ सेवाहरूका लागि भुक्तानी गरिरहेको हुन्छ तब अर्को मासिक शुल्क थप्नका लागि त्यसको स्पष्ट र निरन्तर उपयोगिता देखिनुपर्छ । पहिलो नजरमा कुनै उपकरण जतिसुकै प्रभावकारी देखिए पनि दैनिक बजेटले मानिसहरूलाई एउटा सरल प्रश्न सोध्न बाध्य पार्छ – के यसले हरेक महिना पैसा तिरिरहनुपर्ने गरी मेरो जीवनलाई साँच्चै सुधार्छ ?

पूर्वाधारको लागत उच्च रहिरह्यो र अत्यधिक ऊर्जा खपत गर्ने डेटा सेन्टरहरू तथा विशेष चिपहरूलाई सञ्चालन खर्च उठाउनै भारी राजस्व आवश्यक पऱ्यो भने त्यो लागत सर्वसाधारण उपभोक्तामाथि थुपार्ने प्रयास चाँडै नै पर्खालमा ठोक्किन्छ । निःशुल्क सेवाहरूले लाखौं जिज्ञासु प्रयोगकर्तालाई आकर्षित गर्न त सक्छन् तर त्यो उत्सुकतालाई अर्बौं मानिसबाट निरन्तर र उच्च नाफा दिने सदस्यतामा परिणत गर्नु निकै चुनौतीपूर्ण काम हो ।

कर्पोरेट लगानीको प्रतिफल (Enterprise ROI) र सुपरिवेक्षणको लागत

उपभोक्ताको खर्च गर्ने क्षमता सीमित छ भन्ने बुझेर नै धेरै प्रविधि नेताहरूले अनुसन्धान गर्ने, कोड लेख्ने, ग्राहक सेवा सम्हाल्ने वा कार्यप्रवाहको समन्वय गर्ने दाबी गर्ने सफ्टवेयर प्रणाली संस्थागत एआई एजेन्टहरू (भ्लतभचउचष्कभ ब्क्ष ब्नभलतक) मा ठूलो बाजी लगाएका छन् । कागजमा नियमित कामहरूलाई स्वचालित बनाउँदा ठूलो दक्षता मिल्ने देखिन्छ । तर व्यावहारिकरूपमा व्यवसायहरूले प्रविधिलाई लगानीको प्रतिफल (च्इक्ष) को कडा कसीमा जोखेरमात्र हेर्छन् ।

कुनै पनि कम्पनीले मोडलको गतिमात्र नहेरी कुल सञ्चालन लागत हेर्छ । यसमा एपीआई (ब्ए्क्ष) वा होस्टिङ खर्च, पुराना प्रणालीहरूसँगको एकीकरण, डेटा सुरक्षा, त्रुटि दर, र गल्ती हुँदा त्यसलाई सच्याउन वा सुपरिवेक्षण गर्न लाग्ने मानवीय घन्टालगायत समावेश हुन्छन् । उदाहरणका लागि ग्राहक सेवा वा सञ्चालनसम्बन्धी कार्यप्रवाहलाई लिन सकिन्छ जहाँ एउटा स्वचालित एजेन्टले दैनिक सोधपुछ सम्हाल्छ । यसले कहिलेकाहीं नीतिहरूलाई गलत रूपमा व्याख्या गर्छ, गलत तथ्यहरू सिर्जना गर्छ वा असहज प्रतिक्रिया दिन्छ भने कर्मचारीहरूले अझै पनि ती गल्तीहरूको निगरानी र सफाइ गर्नुपर्छ । कुनै स्वचालित प्रक्रियालाई सञ्चालन गर्न, नियन्त्रण गर्न र सच्याउन लाग्ने खर्च त्यसले दिने ठोस मूल्यभन्दा बढी भयो भने अनुशासित संस्थाहरूले गति ढिला गर्छन्, पुनरवलोकन गर्छन् वा कदम पछाडि हटाउँछन् ।

सामग्री सिर्जना (Content Creation) - असीमित मागको भ्रम

उपभोक्ताको खल्ती र कर्पोरेट लगानी प्रतिफलले स्पष्ट सीमाहरू तोक्छन् भने हाल माग कहाँ असीमित देखिन्छ त ? डिजिटल सामग्री सिर्जनामा । जेनेरेटिभ टुलहरूले लगभग शून्य अतिरिक्त लागतमा लेखहरू लेख्न, चित्रहरू बनाउन, पृष्ठभूमि अडियो तयार पार्न र छोटा भिडियोहरू सम्पादन गर्न सक्छन् । माग हुनासाथ उत्पादन/सिर्जना गर्न सकिने भएकाले मानिसहरू असीमित आपूर्ति (क्गउउथि) लाई नै असीमित माग (म्झबलम) सम्झिने भूल गर्छन् ।

तर यी दुई एउटै कुरा भने होइनन् । एक व्यक्तिसँग



दिनमा २४ घन्टामात्र हुन्छ र तीमध्ये केही घन्टामात्र अध्ययन, अवलोकन वा श्रवणका लागि उपलब्ध हुन्छन् । मानवीय ध्यान (ज्फबल ब्ततभलतष्यल) सीमित हुन्छ । जब लाखौं पोस्ट, तस्बिर, क्लिप र सारांशहरू एकैसाथ हरेक सामाजिक सञ्जालमा बाढीझैं आउँछन् तब मानिसको ध्यान उत्पादनको मात्रासँगै फैलिँदैन । बरु यो टुक्रिन्छ र दर्शकहरू एउटै खालका विषयवस्तुबाट थाक्छन् ।

सामग्री प्रकाशन अति सहज बन्दा मिडिया र मार्केटिङ क्षेत्रमा के हुन्छ भन्ने विचार गरौं । एउटा सानो टोली वा एक्लो स्रष्टाले एउटै दिउँसोमा एआईको सहयोगमा दर्जनौं लेख वा पोस्टहरू प्रकाशित गर्न सक्छ । सुरुमा यो मात्रा नै ठूलो शक्तिजस्तो लाग्छ । तर चाँडै नै सर्च इन्जिन, सामाजिक सञ्जाल र पाठकहरू एउटै खालका सतही सारांशहरूमा डुब्छन् । जब सबैले सेकेन्डमै 'ठीकै खालका' सामग्री उत्पादन गर्न सक्छन् तब मौलिकता नभएका उत्पादनको आर्थिक मूल्य शून्यको नजिक पुग्छ । प्रतिस्पर्धात्मक क्षमता मात्राबाट हटेर जीवन्त अनुभव, वास्तविक रिपोर्टिङ, विश्वसनीय आवाज र स्पष्ट मानवीय निर्णयतर्फ सर्छ ।

प्रविधि कम्पनीहरूले यी प्रणालीहरूलाई ऊर्जा दिन विशाल डेटा सेन्टरहरू बनाए पनि पूर्वाधारको खर्चले स्वतः नाफामूलक माग सिर्जना गर्दैन । पुँजीगत खर्च दिगो आम्दानीभन्दा धेरै अगाडि बढ्यो भने बजारले ढिलोचाँडो अनुशासनको माग गर्छ । वित्तीय सुधार वा मन्दी सफ्टवेयर हराउनुको संकेत होइन । यो त भारी निश्चित लागत र सीमित मानवीय क्षमताबीचको बेमेलको स्वाभाविक परिणाम हो ।

डिजिटल अनुभूतिविरुद्ध वास्तविक अनुभूति

वित्तीय हिसाबकिताब र बजार चक्रभन्दा पर एउटा अझ गहिरो सीमा छ – विश्वका बारेमा सूचना प्रशोधन गर्नु र वास्तवमा भौतिक शरीरभित्र रहेर त्यसलाई अनुभूति गर्नुबीचको भिन्नता । यसलाई कुनै पनि डेटा सेन्टरले पार गर्न सक्दैन ।

आजका एआई प्रणालीहरू डिजिटल सङ्केतहरू सम्हाल्न अत्यन्त सक्षम छन् । तिनीहरूले जटिल तर्कहरू विश्लेषण गर्न, कोड लेख्न र सुधार्न, विस्तृत ग्राफिक्स बनाउन, विशाल डेटासेटहरूमा ढाँचाहरू पहिचान गर्न र प्राकृतिक सुनिने आवाज वा सङ्गीत सिर्जना गर्न सक्छन् । डिजिटल वातावरणभित्र यो क्षमता निस्सन्देह प्रभावकारी छ ।

तर, मानव जीवन स्क्रिन, टेक्स्ट बक्स वा स्पिकरभित्र मात्र सीमित छैन । हाम्रो दैनिक यथार्थ भौतिक इन्द्रियहरूमा विशेष गरी सुँघ्ने, स्वाद लिने र छुने क्षमताका साथै शरीरका आन्तरिक अनुभूतिहरूमा आधारित हुन्छ ।

वास्तविक जीवनमा सुघ्ने, स्वाद लिने र छुने अनुभूति

कुनै एआई एल्गोरिदमले चिया वा मदिराको स्वादका बारेमा विस्तृत विवरण पढ्न सक्छ । त्यसको बास्ना, कडापन, न्यानोपन र बनावटको सूची बनाउन सक्छ । यसले डेटाबेसमा रासायनिक यौगिकहरूको नक्सा बनाउन वा मोडलमा अणुहरूको अन्तरक्रिया सिमुलेट गर्न सक्छ । तर, यसले चिसो बिहानमा तातो कपबाट उठेको बाफ सुँघ्न, ओठमा तापक्रमको सूक्ष्म परिवर्तन महसुस गर्न, वा कुनै खास ठाउँ र सम्झना गराउने स्वादको अनुभूति गर्न भने सक्दैन ।

यही अन्तर सुँघ्ने क्षमता (कर्भाी) मा पनि लागू हुन्छ । सुक्खा माटोमा वर्षाको थोपा पर्दा आउने माटोको बास्ना, हत्केलामा मिचिएका जडीबुटी, चिसो साँझको हावामा सल्किएको काठको धुवाँ वा तातो तेलमा भुटिएका मसलाहरूको बास्नालाई सम्झनुहोस् । एउटा भाषा मोडलले ती बास्नाहरूको काव्यात्मक वर्णन गर्न सक्ला । किनभने यसले मानव लेखनका ढाँचाहरू सिकेको छ । तर यसमा न कुनै घ्राण तन्त्र (झीबअतयचथ ल्भचखभक) हुन्छ न त हावामा तैरिएका कणहरूद्वारा प्रत्यक्ष रूपमा सक्रिय हुने सम्झना र शारीरिक प्रतिक्रिया नै हुन्छ ।

स्पर्श (त्यगअज) ले यो विभाजनलाई अझ स्पष्ट पार्छ । डिजिटल प्रणालीले रूखको खम्रो बोक्रा, चिल्लो ढुङ्गा, वा हात मिलाएको यथार्थपरक तस्बिर बनाउन सक्छ र रोबोटिक हातले निश्चित बल प्रयोग गर्न पनि सक्छ । तर दबाबको हिसाब गर्नु वा बनावटको चित्र बनाउनु र भौतिक सम्पर्कको न्यानोपन, वजन वा मानवीय उपस्थिति महसुस गर्नुबीच ठूलो अन्तर हुन्छ ।

नक्कल गर्नु र जीवित अनुभूति हुनु फरक कुरा हुन्

नक्कल गर्नु र प्रत्यक्ष अनुभूति गर्नु एउटै कुरा होइनन् । संवेदी अनुभवको सिमुलेसन अझै पनि डेटा र गणितीय ढाँचामात्र हो । तर वास्तविक अनुभव जैविक, भौतिक र तत्काल हुन्छ । तपाईं चिसो पानीमा पौडिएको वा तातो ढुङ्गामा नाङ्गो गोडाले हिँडेका हजारौं विवरणहरू पढ्न सक्नुहुन्छ तर वास्तविक भौतिक अनुभूति वास्तविक स्थानमा रहेको जीवित स्नायु प्रणालीकै हुन्छ ।

एआईले डिजिटल अमूर्तताका माध्यमबाट काम गर्ने भएकाले मानवीय अनुभवको वर्णन वा नक्कल गर्नु र त्यसलाई जिउनुबीच सधैं एउटा खाडल रहिरहनेछ । यो सीमालाई बुझ्दा प्रविधिलाई सही दृष्टिकोणमा राख्न मद्दत पुग्छ– शक्तिशाली उपकरणहरूले अनुसन्धान, मस्यौदा वा चित्रांकनमा सहयोग गर्न सक्छन्, तर तिनीहरूले मानव शरीर बस्ने भौतिक संसारलाई विस्थापित गर्न सक्दैनन् ।

मानवीय स्वायत्तता : हामी नै किन स्रोत हौं ?

प्रविधिको नियन्त्रणसम्बन्धी डरले प्रायः मानिसहरूलाई निष्क्रिय यात्रीका रूपमा हेर्छन् जसलाई मेसिन र संस्थाहरूले हाँकिरहेका छन् । तर, त्यो दृष्टिकोणले मानिसको वास्तविक सामर्थ्यलाई ओझेलमा पार्छ । आर्थिक यथार्थ र मानव प्रकृति दुवैले निरन्तर मानवीय स्वायत्ततातर्फ नै सङ्केत गर्छन् ।

१. **मानिस नै स्रोत र अन्तिम बजार हुन्**

प्रविधि प्लेटफर्महरूले शून्यमा अर्थ, सांस्कृतिक सान्दर्भिकता वा दिगो आम्दानी सिर्जना गर्दैनन् । तिनीहरू समाधान गर्नुपर्ने समस्याहरू तोक्न, के उपयोगी छ भनी निर्णय गर्न, सेवाहरूका लागि भुक्तानी गर्न र वास्तविक संसारमा समुदाय निर्माण गर्न मानिसमाथि नै निर्भर हुन्छन् । उपकरणहरूले प्रयोगकर्तालाई टाढा बनाउँछन्, विश्वास घटाउँछन् वा वास्तविक मद्दत पुऱ्याउन असफल हुन्छन् भने मानिसहरूले तिनको प्रयोग घटाउन वा अस्वीकार गर्न सक्छन् । मूल्य प्राविधिक चतुरतामा मात्र होइन मानव जीवनलाई सेवा पुऱ्याउने कुरामा निहित हुन्छ ।

२. **वास्तविक संसारको मूल्य भौतिकतातर्फ आकर्षित हुन्छ**

डिजिटल च्यानलहरू सिन्थेटिक टेक्स्ट, ग्राफिक्स र अडियोले भरिँदै जाँदा वास्तविक र मौलिक कुराहरूको महत्त्व बढ्छ । शून्य लागतमा कपी पेस्ट वा सामूहिक उत्पादन गर्न नसकिने कुराहरूले नयाँ सम्मान पाउँछन् ।

प्रत्यक्ष उपस्थिति र समुदाय : व्यक्तिगत रूपमा भेट्नु, सँगै भोजन गर्नु, एउटै कोठामा सिक्नु वा प्रकृतिमा समय बिताउनुले यस्तो सम्बन्ध दिन्छ जुन एल्गोरिदमिक फिडहरूले दिन सक्दैनन् ।

स्पर्शजन्य कला र भौतिक वातावरण : शान्ति, आन्दोलन, आराम र संवेदी स्पष्टताका लागि डिजाइन गरिएका चाहे त्यो बर्गैंचा होस्, कार्यशाला होस् वा ध्यान केन्द्र यस्ता ठाउँहरूले निरन्तरको स्क्रिन तनावबाट बाहिर निस्कने आवश्यकतालाई पूरा गर्छन् ।

मानवीय उत्तरदायित्व र हेरचाह : स्वास्थ्य, शिक्षा, मार्गदर्शन वा नेतृत्वको कुरा आउँदा मानिसहरूले नैतिक निर्णय र समानुभूति खोज्छन् जो साझा मानवतामा आधारित हुन्छन् ।

३. दैनिक जीवन कसरी जिउने भन्ने छनोट एल्गोरिदमहरूले सामग्री सिफारिस गर्न र कामको गति बढाउन सक्छन् तर जब मानिसले ल्यापटप बन्द गर्छ वा फोन पन्छाउँछ तब उसले केलाई मूल्य दिने भन्ने निर्णय एल्गोरिदमले गर्न सक्दैन । सचेत भएर जिउने छनोट गर्नुको अर्थ उपयोगी उपकरणहरूलाई अस्वीकार गर्नु नभएर यसको अर्थ गति वा बाह्य प्रचारलाई आफ्नो आन्तरिक जीवन निर्देशित गर्न नदिनु हो ।

मानिसहरूले यो छनोट अभ्यास गर्ने व्यावहारिक तरिकाहरूमा निम्न पर्छन् -

स्क्रिन र फिडहरूसँग सचेत सीमा तोक्ने : निरन्तरको सूचना (त्यतषष्अबतष्यलक) बिना सुत्न, कुराकानी गर्न, शान्त विचार गर्न र शारीरिक व्यायामका लागि समय सुरक्षित गर्ने ।

शारीरिक र संवेदी जागरूकता बढाउने : मानसिक विचार र डिजिटल काममा मात्र नभुम्किई सास, आसन, वरपरको वातावरण, भोजन र शारीरिक आरामका ध्यान दिने ।

बुद्धिको बुद्धिमानीपूर्वक प्रयोग गर्ने : विश्लेषणात्मक सोचलाई अन्धविश्वास वा भ्रमबाट बच्न प्रयोग गर्दै प्रत्यक्ष अनुभव र स्पष्ट मूल्यहरूमा आधारित रहने ।

भावी दिशा

डेटा सेन्टरहरू र सफ्टवेयर एजेन्टहरूमा भइरहेको भारी खर्चले अर्थतन्त्रका केही भागहरूलाई पुनः आकार दिइरहनेछ र केही उपकरणहरूले समय बचाउन वा वास्तविक समस्या समाधान गर्न मद्दत गर्नेछन् । तर आर्थिक नियमहरू त खारेज भएका छैनन् र मानव प्रकृतिलाई कोडमा फेरिएको पनि छैन ।

बजारहरूसँग अझै पनि खर्च र ध्यानको सीमा छ, कर्पोरेटले गर्ने प्रयोग अझै पनि वास्तविक मूल्यमा आधारित छ र मेसिनहरू अझै पनि सुँघ्ने, स्वाद लिने, छुने र शारीरिक अनुभूतिको दायराभन्दा बाहिरै छन् । जबसम्म मानिसहरू भौतिक यथार्थमा अडिग रहन्छन् एकअर्काको हेरचाह गर्छन् र आफ्नो जीवनशैलीका बारेमा सचेत निर्णयहरू लिन्छन् तबसम्म मानवीय स्वायत्तता र सामर्थ्य पूर्णरूपमा जीवन्त रहनेछ ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : तपाईको बोलीको प्रभावले महत्वपूर्ण काम बन्नेछ ।
वृष : परिवारको साथ मिल्ने छ ।
मिथुन : साथीले साथ दिएकाले राजनीतिक क्षेत्रमा सेवाको अवसर मिल्ने छ ।
कर्कट : शिक्षाको क्षेत्रमा गरेको प्रयास सफल हुनेछ ।
सिंह : आज एकल निर्णय तपाईका लागि फलदायी हुनेछ ।
कन्या : दाजुभाइसंगको परामर्शमा गरेको निर्णयले सफलता प्राप्त हुनेछ ।
तुला : मनमा खुशी मिल्नेछ ।
वृश्चिक : व्यापारमा गरेको प्रयास सफल बन्नेछ । साना कुरामा ठुलो झन्झट हुनेछ ।
धनु : परिवारको सल्लाहमा गरेको काम सफल बन्नेछ ।
मकर : ठुला काममा हात नहाल्नु उचित हुनेछ । स्वास्थ्यले साथ दिएको छ ।
कुम्भ: शिक्षाको क्षेत्रमा गरेको लगानी सफल बन्नेछ ।
मीन: आफ्नै साथीले विरोध गरेको सुन्नुपर्नेछ । प्रेम सम्बन्ध सुमधुर बन्नेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१☎☎

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९, ४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

नेपाल रेल्वेको समय तालिका

जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

नवजात शिशुको मृत्युदर घटाउन रोग पहिचान प्रणाली विस्तार अपरिहार्य



काठमाण्डू । जन्मँदा स्वस्थ देखिने सबै शिशु रोगमुक्त हुन्छन् भन्ने हुँदैन । कतिपय नवजात शिशुमा जन्मजात तथा वंशाणुगत रोगका लक्षण जन्मेको केही दिनपछि मात्र देखिन थाल्छन् । त्यतिबेलासम्म रोगले गम्भीर रूप लिइसकेको हुन सक्छ । समयमै रोग पहिचान हुन नसक्दा उपचार जटिल बन्नुका साथै शिशुको ज्यानै जाने जोखिम हुन्छ ।

यस्तो जोखिम न्यूनीकरण गर्न जन्मेको केही दिनभित्रै गरिने नवजात शिशु स्क्रिनिङ महत्वपूर्ण मानिन्छ । यस परीक्षणबाट बाहिरबाट स्वस्थ देखिने शिशुमा समेत लुकेर रहेका जन्मजात तथा मेटाबोलिक रोगको जोखिम पहिचान गर्न सकिन्छ ।

चौथो नेपाल बहुसूचक सर्वेक्षण २०८१/८२ को प्रतिवेदनअनुसार नेपालमा हाल प्रति एक हजार जीवित जन्ममा १७ नवजात शिशुको मृत्यु हुने गरेको छ । नवजात शिशु मृत्युदर घटाउन सरकारले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आए पनि जन्मजात तथा वंशाणुगत रोग समयमै पहिचान गर्ने परीक्षण प्रणालीको विस्तार आवश्यक देखिएको छ ।

यसैलाई ध्यानमा राखेर परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालले २०८१ असोज २० गतेदेखि नवजात शिशु स्क्रिनिङ सेवा औपचारिक रूपमा सुरु गरेको हो ।

अस्पतालको बालरोग विभागका वरिष्ठ कन्सल्टेन्ट डा. शैलेन्द्र वीर कर्माचार्यका अनुसार जन्मँदा सामान्य देखिने शिशुमा पनि मेटाबोलिक तथा वंशाणुगत रोग हुन सक्ने भएकाले लक्षण देखिनुअघि नै परीक्षण गरी जोखिम पहिचान गर्न सके उपचार सहज हुन्छ ।

"सुरुमा हेर्दा यसमा बढी लगानी गर्नुपर्ने जस्तो देखिए पनि दीर्घकालीन रूपमा यो निकै सस्तो हुन्छ । रोगको पहिचान र उपचार समयमै गर्न सकियो भने बच्चाले पछि धेरै दुःख पाउनुपर्दैन," उहाँले भन्नुभयो ।

प्रारम्भिक स्क्रिनिङमा कुनै रोगको जोखिम देखिएमा त्यसको पुष्टि गर्न थप परीक्षण गरिन्छ । स्क्रिनिङले रोगको सम्भावना मात्र देखाउने भएकाले त्यसैका आधारमा शिशुलाई रोग लागेको निष्कर्ष निकाल्न मिल्दैन । थप परीक्षणबाट रोग पुष्टि भएपछि आवश्यक उपचार सुरु गरिन्छ ।

अहिले अस्पतालमा यो सेवा निःशुल्क उपलब्ध छ । तर अभिभावकमा पर्याप्त जनचेतना नहुँदा अपेक्षाअनुसार सबै नवजात शिशु परीक्षणको दायरामा आउन नसकेको डा. कर्माचार्यले बताउनुभयो ।

"हामी अझै सफलताको चरणमा पुगिसकेका छैनौं, सुरुवाती चरणमै छौं । यसबारे पर्याप्त रूपमा सचेतना फैलाउन सकिएको छैन । अब स्क्रिनिङको दायरा अझै बढाउनुपर्ने छ," उहाँले भन्नुभयो ।

परीक्षणको दायरामा सबै शिशुलाई समेट्न चुनौती

अस्पतालले २०८१ साउनदेखि परीक्षणका रूपमा यो सेवा सञ्चालन गरेको थियो । सुरुमा एक हजार ४० नवजात शिशुको निःशुल्क स्क्रिनिङ गरी कार्यक्रम अघि बढाइएको थियो । पहिलो वर्षमै ५० प्रतिशत नवजात शिशुलाई सेवाको दायरामा ल्याउने लक्ष्य राखिए पनि अपेक्षाअनुसार परीक्षण हुन सकेको छैन ।

अस्पतालमा वार्षिक करिब २४ हजार शिशुको जन्म हुने गरेको छ । तर जन्मेको केही समयमै शिशुलाई डिस्चार्ज गरेर लैजाने र अभिभावकमा परीक्षणबारे पर्याप्त जानकारी नहुँदा सबैलाई सेवामा समेट्न कठिन भएको अस्पतालको भनाइ छ ।

अस्पतालकी प्याथोलोजी विभाग प्रमुख डा. करिश्मा मल्ल वैद्यका अनुसार सेवा सुरु भएदेखि कात्तिकसम्म १५ हजारवटा परीक्षण गरिएको छ । तीमध्ये १६५ वटाको नतिजा शंकास्पद पोजिटिभ आएको छ भने ५० भन्दा बढीमा थप परीक्षणबाट रोगको पुष्टि भएको छ । शंकास्पद नतिजा आएका कतिपय शिशुका अभिभावक थप परीक्षणका लागि नआउने गरेकाले रोग पुष्टि भएका शिशुको सङ्ख्या कम देखिएको उहाँले बताउनुभयो ।

"हाल हामीले सातवटा प्यारामिटरमा परीक्षण गरिरहेका छौं । भविष्यमा बजेट थपिएमा परीक्षणको दायरा पनि बढाउँदै लैजाने सोच छ । अस्पतालमा बिरामीको चाप धेरै छ । सबै शिशुको परीक्षण गर्ने प्रयास गरे पनि धेरैलाई समेट्न सकेका छैनौं । अभिभावकलाई परामर्श दिने गरेका छौं, तर अझै सबै शिशु परीक्षणको दायरामा आएका छैनन्," उहाँले भन्नुभयो ।

शिशु जन्मेको २४ घण्टापछि रगतको नमुना सङ्कलन गरेर परीक्षण गरिन्छ । सियोले कुर्कुच्चामा घोची थोरै रगत निकालेर विशेष विधिबाट परीक्षण गर्ने गरिएको छ । परीक्षणमा रोगको जोखिम देखिएमा थप परीक्षण आवश्यक हुन्छ ।

डा. वैद्यका अनुसार सरकारी स्तरमा नवजात शिशुको यस्तो स्क्रिनिङ सेवा उपलब्ध गराउने अस्पताल हाल प्रसूति अस्पताल मात्र हो । अहिले अस्पतालमा जन्मिएका शिशुको मात्र परीक्षण भइरहेको छ । आगामी दिनमा अन्य अस्पतालमा जन्मिएका शिशुको समेत निश्चित शुल्क लिएर परीक्षण गर्ने योजना रहेको उहाँले बताउनुभयो ।

सात प्रकारका रोगको परीक्षण

नवजात शिशु स्क्रिनिङ जन्मेको केही समयभित्र गरिने परीक्षण प्रक्रिया हो । यसबाट बच्चा बाहिरबाट स्वस्थ देखिए पनि शरीरभित्र लुकेर रहेका केही जन्मजात, मेटाबोलिक तथा वंशाणुगत रोगको जोखिम पहिचान गरिन्छ । सामान्यतया जन्मेको २४ देखि ७२ घण्टाभित्र रगतको नमुना लिएर गरिने यस परीक्षणलाई 'ब्लड स्पट टेस्ट' पनि भनिन्छ ।

प्रसूति अस्पतालमा हाल सात प्रकारका रोग तथा अवस्थाको स्क्रिनिङ भइरहेको छ । तीमध्ये जन्मजात थाइराइड हर्मोनको कमी, जी-६-पीडीको कमी, फेनाइलकेटोनुरिया, सिस्टिक फाइब्रोसिस, ग्यालेक्टोसेमिया, जन्मजात एड्रिनल हाइपरप्लासिया र बायोटिनिडेजको कमी रहेका छन् ।

यी रोगले शिशुको शारीरिक तथा मानसिक विकासमा असर पार्न सक्छन् । जन्मजात थाइराइड हर्मोनको कमी हुँदा समयमै उपचार नभए मस्तिष्कको विकास प्रभावित हुन सक्छ । जी-६-पीडीको कमी भएका शिशुमा केही औषधि, संक्रमण वा अन्य कारणले रातो रक्तकोषिका फुट्ने जोखिम हुन्छ ।

त्यस्तै, फेनाइलकेटोनुरिया भएका व्यक्तिको शरीरले फेनाइलएलानाइन नामक एमिनो एसिड प्रशोधन गर्न सक्दैन भने ग्यालेक्टोसेमियामा दूधमा पाइने ग्यालेक्टोज प्रशोधन गर्न समस्या हुन्छ । सिस्टिक फाइब्रोसिसले फोक्सो र पाचन प्रणालीमा असर गर्छ । बायोटिनिडेजको कमी हुँदा शरीरले बायोटिन भिटामिन प्रभावकारी रूपमा प्रयोग गर्न सक्दैन । जन्मजात एड्रिनल हाइपरप्लासियामा एड्रिनल ग्रन्थिबाट हर्मोन उत्पादनमा समस्या हुन्छ ।

यीमध्ये कतिपय रोग भएका शिशु जन्मँदा सामान्य देखिए पनि केही दिनपछि लक्षण देखिन थाल्छन् । समयमै पहिचान र उपचार हुन नसके गम्भीर स्वास्थ्य समस्या, मानसिक विकासमा अवरोध, अपाङ्गता तथा मृत्युको जोखिम हुन सक्छ । त्यसैले लक्षण देखिनुअघि नै परीक्षण गरेर जोखिम पहिचान गर्नुलाई महत्वपूर्ण मानिन्छ ।

नवजात शिशुको मृत्युका प्रमुख कारणमा संक्रमण, जन्मने क्रममा निस्सासिनु, समय नपुगी जन्मनु र कम तौल हुनु रहेका छन् । तर कतिपय अवस्थामा मृत्युको वास्तविक कारण पहिचान गर्न कठिन हुने गरेको अस्पतालका निर्देशक डा. श्रीप्रसाद अधिकारीले बताउनुभयो । रासस

राप्रपाका एक लाख १० हजार क्रियाशील सदस्य अद्यावधिक

काठमाण्डू । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले आफनो पार्टीका क्रियाशील सदस्य करिब एक लाख १० हजार अद्यावधिक गरिएको जनाएको छ ।

पार्टी सङ्गठनमा आबद्ध भएर सम्बन्धित वडा, नगर, क्षेत्र तथा केन्द्रमा रही सक्रिय राजनीतिमा सहभागी सदस्यको सदस्यता अद्यावधिक गरिएको पार्टीका नेता राजाराम श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार, यही मङ्सिर २६ देखि २८ गतेसम्म काठमाडौंमा हुने महाधिवेशनका सन्दर्भमा सदस्यता अद्यावधिक गरिएको हो । विगतमा उक्त दलको करिब डेढ लाख क्रियाशील सदस्य थिए ।

नेता श्रेष्ठका अनुसार, पार्टीको देशभरका क्रियाशील सदस्यबाट महाधिवेशन प्रतिनिधि छनोट प्रक्रिया पनि अन्तिम चरणमा पुगेको छ । त्यस सिलसिलामा प्रत्येक प्रदेश निर्वाचन क्षेत्रबाट तीन महिलासहित नौ जना प्रतिनिधि निर्वाचित हुने व्यवस्था गरिएको छ ।

पार्टीको केन्द्रीय महाधिवेशनका लागि ७६ जिल्ला अधिवेशन तथा पाँच प्रदेश अधिवेशन सम्पन्न गरिएको छ । रासस

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०८/१४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय वीरगंज, पर्साबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — **बोलपत्र खोलिने मिति/समय**

२०८३/०८/२८ गते/स्थान : शाखा कार्यालय वीरगंज, पर्सा — **२०८३/०९/०१ गते, बुधबार दिनको ३ बजे**

क्र.सं.	शाखा कार्यालय : वीरगंज, पर्सा	
	ऋणीको नाम, ठेगाना	जमानतकर्ताको विवरण
१.	**नाम : मनोज कुमार स्वर्णकार** ना.प्र.नं. ४०८३२४५८, जि.प्र.का. पर्सा जारी मिति : २०५२/०४/०३ बाबुको नाम : रिखी साह सोनार बाजेको नाम : काशी साह सोनार ठेगाना : पर्सा जिल्ला, झौवागुठी वडा नं. ६ हाल : पर्सा जिल्ला, वीरगंज मा.न.पा. वडा नं. १०	**नाम : सिला देवी स्वर्णकार** ना.प्र.नं. ६१२९, जि.प्र.का. पर्सा जारी मिति : २०६७/०४/२६ पतिको नाम : मनोज कुमार स्वर्णकार ससुराको नाम : रिखी साह सोनार ठेगाना : पर्सा जिल्ला, झौवागुठी वडा नं. ६ हाल : पर्सा जिल्ला, वीरगंज मा.न.पा. वडा नं. १०
	धितोको विवरण	
	सिला देवी स्वर्णकारको नाममा मालपोत कार्यालय वीरगंज, पर्सामा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला, रामगढवा वडा नं. ७ स्थित कित्ता नं. ६६० को क्षेत्रफल ८९.२५ व.मि भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : वीरगंज, पर्सा, फोन नं. ०५१-५२४८३६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय क्षिरेश्वर, धनुषाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०८/१४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८२/१०/२१ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा ऋणीले सो समेतको वेवास्ता गरेको र सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व पछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८३/०६/०७ मा जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा कसैको पनि बोलपत्र प्राप्त हुन नआएकोले पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण

धनुषा जिल्ला, धनुषा गोविन्दपुर वडा नं. ४ (हाल : धनुषाधाम न.पा. वडा नं. १) स्थित रजिष्टर्ड कार्यालय रहि नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा मिति २०६७ साल भदौ महिना ९ गते प्रा.फ.र.नं. २०२२/६१/०६७/६८ तथा आन्तरिक राजश्व कार्यालय, जनकपुरमा मिति २०६७/०५/१० मा स्थायी लेखा नम्बर (PAN) ३०४२९६०७९ अन्तर्गत दर्ता कायम भएको **गणपति ट्रेडर्स** ।

प्रोप्राईटर : जिवछ साह सुडि

व्यक्तिगत जमानीकर्ताको विवरण

१.	२.
बिलट साह सुडिको नाति, बलदेव साह सुडिको छोरा, धनुषा जिल्ला, सावित्र धनुषा गोविन्दपुर गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. १ बस्ने **जिवछ साह सुडि** (ना.प्र.नं. २६३२१७८२, जारी मिति २०६०/०५/१९, जि.प्र.का. धनुषा) ।	बलदेवसाह सुडीको बुहारी, जिवछ साह सुडिको पत्नी, धनुषा गोविन्दपुर गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. १ बस्ने **किरण महासेठ** (ना.प्र.नं. १७३०४७/५७, जारी मिति २०७०/०२/२२, जि.प्र.का. धनुषा) ।

धितोको विवरण

१. जिवछ साह सुडि (ना.प्र.नं. २६३२१७८२, जारी मिति २०६०/०५/१९, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, सावित्र बनिनियाँ वडा नं. ९ हाल गोविन्दपुर गा.वि.स. वडा नं. १ स्थित कि.नं. ५५१ को क्षेत्रफल ०-१-०-० (वि.क.धु.क.) बमोजिमको जग्गा एवं सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. गणपति ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०८/२८ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय क्षिरेश्वर, धनुषामा बुझाई सक्नु पर्नेछ ।

३. प्राप्त बोलपत्रहरु मिति २०८३/०८/२९ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय क्षिरेश्वर, धनुषामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।

४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।

५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।

६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदातालै बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शूल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय क्षिरेश्वर, धनुषामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank

शाखा कार्यालय : क्षिरेश्वर, धनुषा
फोन नं. ०४१-५४०४२८
Website: www.siddharthabank.com

कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०८/१४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई वेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

तपसिल

क्र.सं.	शाखा कार्यालय : बर्दिबास, महोत्तरी	
	ऋणीको नाम, ठेगाना	
१.	**नाम : निता जेनरल स्टोर्स** नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग प्रा.फ.र.नं. ९७८७/१०९२/०७३/०७४, दर्ता मिति : २०७३/१२/०१, पान नं. ६०५८२५४९७, दर्ता मिति : २०७३/१२/०१ ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ५, **प्रोप्राइटर : उमेश कुमार साह तेली**	
	जमानतकर्ताको विवरण	
	१. नाम : उमेश कुमार साह तेली ना.प्र.नं. ६४४०२०७०, जि.प्र.का. धनुषा जारी मिति : २०४५/०१/२४ बाबुको नाम : विक्रमानन्द साह तेली बाजेको नाम : रुपचन साह ठेगाना : धनुषा जिल्ला, नक्टाझिज गा.वि.स. वडा नं. ८ हाल : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ५	**२. नाम : सुरज प्रसाद साह** ना.प्र.नं. १७-०१-७१-०२३१४, जि.प्र.का. धनुषा जारी मिति : २०७१/०७/१६ बाबुको नाम : उमेश कुमार साह तेली बाजेको नाम : विक्रमा नन्द साह तेली ठेगाना : धनुषा जिल्ला, नक्टाझिज गा.वि.स. वडा नं. ८ हाल : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ५
	३. नाम : अजित प्रसाद साह तेली ना.प्र.नं. १७-०१-७३-०८९३२, जि.प्र.का. धनुषा जारी मिति : २०७३/०७/२५ बाबुको नाम : उमेश कुमार साह तेली बाजेको नाम : विक्रमा नन्द साह तेली ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ३	**४. नाम : निता देवी साह तेली** ना.प्र.नं. १७३१००/८४७, जि.प्र.का. धनुषा जारी मिति : २०६३/११/२९ पतिको नाम : उमेश कुमार साह तेली ससुराको नाम : विक्रमा नन्द साह तेली ठेगाना : धनुषा जिल्ला, नक्टाझिज गा.वि.स. वडा नं. ८ हाल : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ५
	धितोको विवरण	
	उमेश कुमार साह तेलीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, ढल्केवर, वडा न. ३ क स्थित कित्ता नं. ६६३ को क्षेत्रफल ०-१-०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	
क्र.सं.	**शाखा कार्यालय : वीरगंज, पर्सा**	
	ऋणीको नाम, ठेगाना	
१.	**नाम : अभिषेक कृषि तथा पशुपंक्षी फर्म** नेपाल सरकार, घरेलु तथा साना उद्योग कार्यालय दर्ता नं. १२८२९/०७७/००७८, दर्ता मिति : २०७७/११/१३, पान नं. ६१५३०६५६६, दर्ता मिति : २०७७/११/१३ ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २०, हरपतगंज, **प्रोप्राइटर : पुष्पा कुमारी**	
	ऋणी तथा जमानतकर्ताको विवरण	**जमानतकर्ताको विवरण**
	नाम : राम प्रवेश सिंह ना.प्र.नं. ३६६११८६२, जि

रास्वपा पार्टी कार्यालय अगाडि पत्रकारहरुको धर्ना

टुडे समाचारदाता

जनकपुरधाम । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र श्रमजीवी पत्रकारका अधिकार सुनिश्चित गर्न माग गर्दै संघीय राजधानी काठमाडौंसहित देशैभरिका जिल्लामा नेपाल पत्रकार महासंघले आइतबार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को केन्द्रीय कार्यालयअगाडि धर्ना दिएको छ ।



सरकार प्रेस स्वतन्त्रताप्रति अनुदार बन्दै गएको आरोपसहित महासंघले घोषणा गरेको दोस्रो चरणको आन्दोलनअन्तर्गत १३ मङ्सिरमा रास्वपा कार्यालय घेराउ तथा धर्ना कार्यक्रम आयोजना गरिएको हो ।

यसैक्रममा धनुषाको जनकपुरधाममा वंशी चौकस्थित रास्वपाको पार्टी कार्यालय अगाडि धर्ना दिएका छन् । नेपाल पत्रकार महासंघ धनुषाको नेतृत्वमा जिल्लास्थित पत्रकार हरुले धर्ना दिएका छन् ।

आन्दोलनमा उत्रिएको महासंघले समाचार कक्षमै प्रहरी प्रवेश गरी पत्रकारमाथि धरपकड गरिएको, प्रेस स्वतन्त्रता कुण्ठित गर्ने उद्देश्यले प्रेस काउन्सिल ऐनसम्बन्धी अध्यादेश ल्याउन खोजिएको तथा सञ्चारमाध्यममा अवरोध पुऱ्याउनेहरूमाथि कारबाही नभएको भन्दै गम्भीर आपत्ति जनाएको छ ।

यसका साथै गोरखापत्रलगायत सरकारी तथा निजी सञ्चार गृहबाट पत्रकारलाई जबर्जस्ती निष्कासन गरी श्रम अधिकार हनन गरिएको र प्रेस काउन्सिलको सिफारिसबमोजिम पत्रपत्रिकाले पाउनुपर्ने लोककल्याणकारी विज्ञापनको रकम उपलब्ध नगराइएको विषयलाई महासङ्घले मुख्य एजेन्डा बनाएको छ । दोस्रो चरणको संघर्षका कार्यक्रमअनुसार महासङ्घले प्रमुख राजनीतिक दलका कार्यालयमा धर्ना दिने तालिका सार्वजनिक गरेको छ । जसअनुसार मङ्सिर १४ गते नेपाली कांग्रेस, १५ गते नेकपा एमाले, १६ गते नेकपा, १७ गते श्रम संस्कृति पार्टी र १८ गते राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को कार्यालयअगाडि धर्ना दिइनेछ ।

त्यसैगरी, मङ्सिर २० गते काठमाडौंको माइतीघर मण्डलासहित देशभरका जिल्ला सदरमुकाममा कालो लुगा, कालोपट्टी र कालो मास्क लगाएर विरोध प्रदर्शन गर्ने कार्यक्रम तय भएको महासङ्घले जनाएको छ ।

मधेशका ५३ नगरप्रमुख उम्मेदवार बन्न नपाउने

नेपालको संविधानको धारा २१५ को उपधारा (७) र धारा २१६ को उपधारा (७) मा गाउँपालिका अध्यक्ष तथा नगरपालिका प्रमुख पदमा दुई कार्यकाल निर्वाचित भइसकेको व्यक्ति पुनः सोही पदमा उम्मेदवार हुन नपाउने व्यवस्था छ ।

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका ५३ जना नगरप्रमुख आगामी निर्वाचनमा मेयरका उम्मेदवार बन्न पाउने छैन । धनुषा विदेह नगरपालिकाका बेचन दाससहितका ५३ जना नगरप्रमुख आगामी २०८३ सालमा हुने स्थानीय तह निर्वाचनमा पुनः सोही पदमा उम्मेदवार बन्न नपाउने भएका हुन् ।

संविधानले स्थानीय तहका प्रमुख पदमा दुई कार्यकालभन्दा बढी निर्वाचित हुन रोक लगाएपछि यादवसहित देशभरका ५३ जना नगरप्रमुख आगामी निर्वाचनमा मेयर पदको प्रतिस्पर्धाबाट बाहिरिनेछ ।

नेपालको संविधानको धारा २१५ को उपधारा (७) र धारा २१६ को उपधारा (७) मा गाउँपालिका अध्यक्ष तथा नगरपालिका प्रमुख पदमा दुई कार्यकाल निर्वाचित भइसकेको व्यक्ति पुनः सोही पदमा उम्मेदवार हुन नपाउने व्यवस्था छ। यही संवैधानिक प्रावधानका कारण महागढीमाईका नगरप्रमुख यादव आगामी निर्वाचनमा मेयर पदमा प्रतिस्पर्धा गर्नबाट वञ्चित हुने भएका हुन्।

संघीयताका जानकार अधिवक्ता रमेश काफ्लेका अनुसार संविधानले दुई कार्यकाल लगातार पूरा गरेको हुनुपर्ने सर्त राखेको छैन। बीचमा एक कार्यकाल विश्राम लिएर पुनः निर्वाचित भएको अवस्थामा पनि दुई कार्यकालको सीमा पूरा भएको मानिने उनको भनाइ छ ।



नेपालमा अहिलेसम्म दुईपटक मात्रै स्थानीय तह निर्वाचन भएकाले पछिल्ला दुवै निर्वाचनमा निर्वाचित भएका नगरप्रमुखले आगामी निर्वाचनमा सोही पदमा उम्मेदवारी दिन नपाउने काफ्लेको बुझाइ छ ।

प्रदेशगत विवरणअनुसार आगामी निर्वाचनमा सबैभन्दा बढी मधेश प्रदेशका १५ जना नगरप्रमुख पुनः सोही पदमा उम्मेदवार बन्न पाउने छैनन्। त्यस्तै, बागमती प्रदेशका १२, कोशी प्रदेशका १०, लुम्बिनी प्रदेशका ६, गण्डकी प्रदेशका ५, सुदूरपश्चिम प्रदेशका ३ र कर्णाली प्रदेशका २ जना नगरप्रमुख दुई कार्यकाल पूरा गरेका कारण मेयर पदको प्रतिस्पर्धाबाट बाहिरिनेछन्।

मधेश प्रदेशका १५ नगरप्रमुखमध्ये सप्तरीको बोदेबरसाइन नगरपालिकाका आतेशकुमार सिंह, सिरहाको मिर्चैया नगरपालिकाका श्रवणकुमार यादव र सुखीपुर नगरपालिकाका रामऔतार यादव रहेका छन् ।

त्यस्तै, धनुषाको विदेह नगरपालिकाका बेचन दास तत्मा र धनुषाधाम नगरपालिकाका बालेश्वर मण्डल, महोत्तरीको भंगाहा नगरपालिकाका सञ्जीवकुमार साह, मटिहानी नगरपालिकाका हरिप्रसाद मण्डल र लोहारपट्टी नगरपालिकाका शैलेन्द्रकुमार यादव पनि आगामी निर्वाचनमा सोही पदमा उम्मेदवार बन्न पाउने छैनन्।

यसैगरी, सर्लाहीको गोडैटा नगरपालिकाका देवेन्द्रकुमार यादव र बागमती नगरपालिकाका भरतकुमार थापा, रौतहटको गुजरा नगरपालिकाका सन्तलालप्रसाद चौधरी, गढीमाई नगरपालिकाका श्यामप्रसाद यादव, परोह नगरपालिकाका शेख वकिल र मौलापुर नगरपालिकाका रीना कुमारी शाह पनि दुई कार्यकाल पूरा गरेकाले पुनः मेयर पदमा प्रतिस्पर्धा गर्नबाट वञ्चित हुनेछन् ।

बाराको महागढीमाई नगरपालिकाका नगरप्रमुख उपेन्द्रप्रसाद यादव पनि यही संवैधानिक व्यवस्थाको दायरामा परेका छन्। दुई कार्यकाल स्थानीय तहको नेतृत्व गरिसकेका नगरप्रमुखहरू आगामी निर्वाचनमा सोही पदमा उम्मेदवार बन्न नपाउने भएपछि स्थानीय राजनीतिक वृत्तमा नयाँ नेतृत्व र सम्भावित उम्मेदवारबारे चर्चा सुरु हुने देखिएको छ ।

ट्रान्सफर्मर जडानको नाममा ४८ लाख रुपैया भ्रष्टाचार

टुडे समाचारदाता

जनकपुरधाम । विद्युततर्फ ट्रान्सफर्मर जडानको नाममा सर्लाही जिल्लाको चन्द्रनगर गाउँपालिकामा करीब ४८ लाख रुपैया भ्रष्टाचर गरिएको रहस्य खुलेको छ ।

किसानको खेतमा बिजुली पुगेको छैन । ट्रान्सफर्मर समेत जडान गरिएको छैन । तर, सरकारी कागजातमा भने ट्रान्सफर्मर जडान नहुँदै जडान भइसकेको भनी उक्त रकम भ्रष्टाचार गरिएको हो ।

गाउँपालिकाकै भुक्तानी बिलमा ट्रान्सफर्मर खरिद र जडान दुवैको रकम उल्लेख छ । तर, स्थलगत हेर्दा भने कागजमा देखाइएको विवरणभन्दा फरक छ । यो प्रकरणमा अनियमितताको आरोप अरू कसैले होइन, गाउँपालिका अध्यक्ष राजकुमार महतो आफैंले लगाएका हुन् ।

भुक्तानीसम्बन्धी कागजात अध्ययन गरेपछि उनले २०८३ मंसिर ९ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासमा उजुरी दिएका छन् । उजुरीसँगै उनले भुक्तानी बिल, प्राविधिक मूल्यांकन, मेजरमेन्ट बुक, गोश्वारा भौचर र स्थलगत तस्वीरसमेत प्रमाणका रूपमा पेश गरेका छन् ।

आर्थिक वर्ष २०८१/८२ मा कृषि विद्युतीकरण आयोजनाका लागि २ करोड १० लाख रुपैयाँ बजेट गाउँपालिकाले विनियोजन



गरेको थियो । गाउँपालिकाले २०८२ वैशाख २२ गते ठेक्का आह्वान गर्दा सबैभन्दा न्यून कबोल गर्ने श्री रिषभ भगवान जेभी, कलैया-१, बारासँग २ करोड ३ लाख ३६ हजार ५५० रुपैयाँमा ठेक्का सम्झौता भयो ।

ठेक्का सम्झौतामा फर्मको तर्फबाट मनोजकुमार महतोले हस्ताक्षर गरेका छन् । तर, ठेक्कासम्बन्धी सबै काम भने ठेकेदार बिकीकुमार महतोले गरिरहेका छन् । बिकी सरकारी कार्यालय विद्युत प्राधिकरणमा पनि काम गर्छन् । उनी नेपाल विद्युत प्राधिकरणको बारा स्थित कलैयामा इलेक्ट्रिकल सुपरभाइजर हुन् ।

सरकारी कर्मचारीले कुनै पनि ठेक्का लिएर निर्माणको काम गर्नु भनेको त्यसैपनि गैरकानूनी हो । तर, आजको हाम्रो विषय त्यसमा मात्र केन्द्रित छैन । उक्त ठेक्कामा भएको अनियमितताका विषय हामीले देखाउन खोजेका छौं ।

२०८२ चैत २६ गते सम्झौता र कार्यादेश दिइएको आयोजनाको काम २०८३ असार १० गतेभित्र सम्पन्न गर्नुपर्ने थियो । आयोजनाअन्तर्गत सातवटै वडामा विद्युत् पोल गाड्ने, तार तान्ने र ट्रान्सफर्मर जडान गरेर कृषि सिँचाइका लागि विद्युत् सेवा सञ्चालन गर्नुपर्ने थियो । तर, काम सम्पन्न नहुँदै ठेकेदारले ठूलो रकम भुक्तानी लिइसकेका थिए ।

२०८३ असार मसान्तसम्म ठेकेदारलाई १ करोड ५३ लाख ६ हजार २९ रुपैयाँ भुक्तानी भइसकेको थियो । यो कुल ठेक्का रकमको करिब ७५ प्रतिशत हो । तर, किसानको खेतमा विद्युत् पुगेको थिएन । पोल गाडिएका थिए, तार तान्ने केही काम भएको थियो । तर, मुख्य काम अर्थात् ट्रान्सफर्मर जडान भने अधुरै थियो ।

अध्यक्ष महतोले अख्तियारमा बुझाएको दोस्रो रनिङ बिलको पेज नम्बर ५ र ७ मा ट्रान्सफर्मरको मूल्य र जडान ज्याला दुवै उल्लेख छन् । अझ, डिटेल मेजरमेन्ट सिटको अन्तिम पानामा सातवटै वडाका सात स्थान किटान गरिएको छ ।

किसनपुर डिप बोरिङनजिक, बबरगञ्ज-नाढी दोस्रो मोड, कल्भर्टबाट २२५ मिटर अगाडि, गढीमाई चोक, ईंटाभट्टाको उत्तरी चौरी, अजय रूपनारायणको खेत र कृष्ण सरको खेत नजिक ट्रान्सफर्मर जडान भएको विवरण राखिएको छ । प्रत्येक स्थानमा एक-एक थान ट्रान्सफर्मर जडान भएको देखाइएको छ ।

अध्यक्ष महतोका अनुसार प्राविधिक शाखा प्रमुख इन्जिनियर, ओभरसियर र ठेकेदार कम्पनीका प्रतिनिधिको हस्ताक्षरसहित तयार पारिएको प्राविधिक मूल्यांकनमा यी स्थानमा ट्रान्सफर्मर जडान भएको उल्लेख छ । तर, २०८३ मंसिर ११ गतेसम्म ती स्थानमा ट्रान्सफर्मर जडान भएको देखिँदैन ।

कोइलाडीका ५२ मुसहर परिवार लालपूर्जाविहिन

टुडे समाचारदाता

राजविराज । वर्षौंदेखि सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-४ स्थितकोइलाडीको मुसहर बस्तीका ५२ परिवार अझै जग्गाधनी प्रमाणपुर्जा पाउन सकेको छैन । घर निर्माण भएर बसोबास गर्दै आए पनि जग्गाको कानुनी स्वामित्व नपाउँदा उनीहरू असुरक्षित महसुस गरिरहेका छन् ।

२०७४ सालको बाढीपछि उक्त बस्ती निर्माण गरिएको थियो । तर, बस्ती निर्माण भएको लामो समय बितिसक्दा पनि त्यहाँ बसोबास गर्ने परिवारले जग्गाको स्वामित्व पाउन सकेका छैनन् ।

यही समस्या बुझ्न शनिबार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण एवं सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल मुसहर बस्तीमै पुगेकी थिइन् । उनले स्थानीय बासिन्दाका समस्या र गुनासा सुन्दै जग्गाको स्वामित्व दिलाउन आवश्यक प्रक्रिया अघि बढाउने प्रतिबद्धता जनाइन् ।

बस्तीका स्थानीय बिलास सदाका अनुसार बाढीपछि निर्माण गरिएको उक्त बस्तीमा ५२ परिवारका घर छन् । तर, बाढीको जोखिम र हिउँदमा शीतलहरका कारण चिसो सहनुपर्ने समस्या अझै कायम छ । उनले बस्तीका भौतिक तथा आधारभूत समस्याबारे मन्त्रीको ध्यानाकर्षण गराइन् ।

स्थानीय बिलास सदा, अघुनु सदा, बुधाई सदा, जितेन्द्र सदा, शिवचरण सदा, सञ्जीव सदा र इन्द्रजित सदालगायतले जग्गाको स्वामित्वसँगै बसोबास र दैनिक जीवनयापनका कठिनाइबारे मन्त्रीसमक्ष गुनासो राखे । परिवारका सदस्य बढ्दै गए पनि घरकोठा र जग्गा पर्याप्त नहुँदा एउटै घरमा धेरै सदस्य बस्नुपर्ने बाध्यता रहेको उनीहरूको भनाइ थियो ।

स्थानीय सरोदेवी सदाले गरिबीका कारण परिवारको छाक टार्नसमेत कठिन भइरहेको पीडा सुनाइन् । दैनिक ज्यालादारीमा काम पाएको दिन मात्र परिवारको गुजारा चल्ने र काम नपाएको दिन खानसमेत समस्या हुने उनले बताइन् ।

एउटै घरमा आफू, बुहारी र छोरी बस्नुपर्ने बाध्यता रहेको उल्लेख गर्दै उनले आर्थिक अवस्था कमजोर भएकाले थप जग्गा किनेर छुट्टै बसोबासको व्यवस्था गर्न नसकेको गुनासो गरिन् ।

मन्त्री रावलले मुसहर समुदायको प्रमुख समस्या नै जग्गाको स्वामित्व रहेको उल्लेख गर्दै त्यसको समाधानका लागि स्थलगत अध्ययन गरी आवश्यक प्रक्रिया अघि बढाइने बताइन् ।



समुदायको प्रमुख समस्या नै जग्गाको स्वामित्व रहेको उल्लेख गर्दै त्यसको समाधानका लागि स्थलगत अध्ययन गरी आवश्यक प्रक्रिया अघि बढाइने बताइन् ।

बस्ती रहेको जग्गा दर्ता भए-नभएको, बस्ती खोलानालाको जोखिममा रहे-नरहेको, घरपरिवारको वास्तविक सङ्ख्या र स्थानीयले भोगिरहेका समस्याबारे आगामी सोमबारदेखि विवरण संकलन गरिने उनले जानकारी दिइन् ।

नियम र कानुनअनुसार जग्गाधनी प्रमाणपुर्जा वितरणको प्रक्रिया अघि बढाइने बताउँदै मन्त्री रावलले कानुनी मापदण्ड पूरा गर्ने परिवारलाई लालपुर्जा उपलब्ध गराइने प्रतिबद्धता व्यक्त गरिन् । मापदण्ड पूरा नभएका परिवारको हकमा समेत कानुनी व्यवस्थाभित्र रहेर जग्गाको स्वामित्व प्रदान गर्न सकिने उपाय खोजिने उनको भनाइ थियो ।

वर्षौंदेखि बसोबास गर्दै आए पनि जग्गाको स्वामित्वबाट वञ्चित परिवारलाई कानुनी प्रक्रियामार्फत अधिकार दिलाउने उद्देश्यले वास्तविक अवस्था पहिचान गर्न लागिएको मन्त्री रावलले बताइन् ।

मुसहर बस्तीको समस्या बुझ्न मन्त्री रावलसँगै सप्तरी निर्वाचन क्षेत्र नं. ४ का सांसद सीताराम शाह, सांसद खगेन्द्र कर्ण, प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापा, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख प्रहरी उपरीक्षक रूपक खड्का तथा राजविराज नगरपालिकाका पूर्वप्रमुख शम्भु यादवसमेत पुगेका थिए ।

गोली प्रहरी गरी फरार प्रतिवादी पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । कर्तव्य ज्यान मुद्दाका फरार रहेका एक प्रतिवादीलाई धनुषा प्रहरीले गोली प्रहार गरी पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा धनुषाको शहीदनगर नगरपालिका-२ निवासी करिब ३० वर्षीय बालक दासको



नामले परिचित जयकुमार यादव रहेका छन् ।

प्रहरीका अनुसार गत कार्तिक २९ गते शहीदनगर नगरपालिका-२ मतौनास्थित धनी पोखरीमा छठघाट निर्माण गरी पूजासामग्रीको रेखदेख गर्न बसेका स्थानीय करिब ६० वर्षीय रामजतन यादवको हत्या भएको थियो ।

उनी भोलिपल्ट बिहान पोखरीमा मृत अवस्थामा फेला परेका थिए । घटनास्थलबाट रगतजस्तो पदार्थ र कपाल लागेको देखिने धारिलो हतियारसमेत बरामद भएको थियो ।

घटनाको अनुसन्धानका क्रममा पुरानो रिसइबीका कारण जयकुमार यादवले कुटी काट्ने कर्नालले रामजतनको अनुहारमा प्रहार गरी हत्या गरेको खुलेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

घटनापछि उनी भारततर्फ फरार भएका थिए । प्रहरीले खोजतलास गर्ने क्रममा शनिबार साँझ करिब ६ बजे नगराइन नगरपालिका-२ जटहीबाट राघोपुर जाने बाटोस्थित नेपाल-भारत सीमा क्षेत्रमा उनलाई फेला पारेको थियो ।

पक्राउ गर्न खोज्दा उनी भारततर्फ भाग्न खोजेपछि प्रहरीले आत्मसमर्पण गर्न चेतावनी दिँदै चिनियाँ पेस्तोलबाट एक राउन्ड हवाई फायर गरेको थियो । तर, उनले आत्मसमर्पण नगरी सीमा पार गर्न खोजेपछि प्रहरीले थप चार राउन्ड गोली प्रहार गरी नियन्त्रणमा लिएको हो ।

प्रहरीले प्रहार गरेको गोली यादवको बायाँ तिघ्रामा एक र दाहिने घुँडामुनि दुई गरी तीन गोली लागेको छ । उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको र स्वास्थ्य अवस्था मध्यम रहेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

धनुषामा थप तीन आकाशे पुल निर्माण



टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम-ढल्केवर ६ लेन व्यापारिक राजमार्ग अन्तर्गत पैदल यात्रुको सहजता र सडक दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले निर्माणाधीन तीनवटै आकाशे पुलको निर्माण सम्पन्नसँगै थप तीन आकाशे पुल निर्माण प्रक्रिया अघि बढाइएको छ ।

सडक डिभिजन कार्यालय मुजेलियाका अनुसार धनुषाको लक्ष्मीनियादेखि महेन्द्रनगरसम्मका विभिन्न स्थानमा १० करोड ५० लाख रुपैयाँको लागतमा तीनवटा आकाशे पुल निर्माण सम्पन्न गरिएको हो ।

यसैगरी, पैदल यात्रुको चाप बढी हुने राजमार्गका थप तीन स्थानमा आकाशे पुल निर्माण भइरहेको छ । लक्ष्मीनिया गाउँपालिकाको लक्ष्मीनिया बजार, क्षीरेश्वरनाथ नगरपालिकाको महिला विकास चोक र सखुवा चोकमा गरी १९ करोड ५० लाख रुपैयाँको लागतमा पुल निर्माण कार्य अघि बढाइ सकिएको सडक डिभिजन कार्यालय मुजेलियाका डिभिजनल इन्जिनियर दारोगा प्रसादले जानकारी दिए ।

उनका अनुसार चालु आर्थिक वर्षको असार मसान्तसम्म निर्माण सम्पन्न गर्ने लक्ष्यसहित लक्ष्मीनिया बजारमा ३ करोड ४२ लाख, महिला विकास चोकमा ३ करोड ३५ लाख र सखुवा चोकमा ३ करोड ४५ लाख रुपैयाँको लागतमा आकाशे पुल निर्माण भइरहेको छ ।

निर्माणाधीन तीनवटै आकाशे पुलको उचाइ ५ दशमलव ६ मिटर, लम्बाइ २९ दशमलव ४ मिटर र चौडाइ ३ मिटर रहेको छ ।

मधेश प्रदेशको राजधानी जनकपुरधाम प्रवेश गर्ने प्रमुख सडकका रूपमा रहेको जनकपुर-ढल्केवर राजमार्गमा सवार ीसाधनको चाप बढ्दै जाँदा पैदल यात्रुलाई सडक वारपार गर्न कठिनाइ हुँदै आएको छ ।

आकाशे पुल निर्माणले पैदल यात्रुको आवागमन सहज बनाउनुका साथै सवारी दुर्घटनामा समेत कमी ल्याउने विश्वास गरिएको डिभिजनल इन्जिनियर प्रसादले बताए । उनले आकाशे पुलले पैदल यात्रुको सुरक्षा र सहजतासँगै राजमार्गको सौन्दर्यकरणमा समेत योगदान पुर्याउने विश्वास व्यक्त गरे ।

बाह्य विज्ञापन राख्दा ध्यान दिऔं



नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८